**संघीय संसद**
**प्रतिनिधि सभा**
**शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति**
**२०८१ चैत १७ गते आइतबार**
**बैठक संख्याः ११३**

**छलफल तथा निर्णय**

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० का सम्बन्धमा समितिका माननीय सभापति अम्मरबहादुर थापाज्यूको सभापतित्वमा बसेको समितिको आजको बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टाराई, समितिका माननीय सदस्यहरु, मन्त्रालयका सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिको उपस्थिती रहेको थियो।

**निर्णय**

- शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० सम्बन्धी प्रतिवेदनलाई परिमार्जन सहित पारित गर्ने र सभाको आगामी बैठकमा पेश गर्ने ।
- २०८१ चैत १५ गते शुक्रबारको दिन भएको जनघनको क्षतिको घटनाका सम्बन्धमा देहायको शोक तथा ध्यानाकर्षण प्रस्ताव पारित गर्नेः

**शोक तथा ध्यानाकर्षण प्रस्ताव**

भूतपूर्व राजावादी समूहको नाममा भएको अराजक गतिविधिका कारण सबिन महर्जन र एभिन्युज टेलिभिजनका फोटो पत्रकार सुरेश रजकले ज्यान गुमाउनु परेको घटनाप्रति यो समिति गहिरो दुःख व्यक्त गर्दछ। उक्त घटनामा सुरक्षाकर्मी लगायत धेरै व्यक्तिहरु घाइते भएका छन् साथै सार्वजनिक तथा निजी सम्पत्तिमा आगजनी, तोडफोड र लुटपाटबाट ठूलो जनधनको क्षति भएको छ।

यो समिति ज्यान गुमाउने दिवंगत आत्माहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल सम्पूर्ण परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ। साथै उक्त अराजक गतिविधिबाट भएको क्षतिको सत्यतथ्य छानबिन गरी संलग्न जोसुकैलाई कानूनको दायरामा ल्याई कडा भन्दा कडा कारबाही गर्न सरकारलाई आग्रह गर्दछ। त्यस्ता अमानवीय घटनाहरू दोहोरिन नदिन सुरक्षा व्यवस्थालाई थप प्रभावकारी, चुस्त र संवेदनशील बनाउँदै पूर्वसावधानी अपनाउन समेत समिति सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ। "

| | |
|---|---|
| ............................. | ............................. |
| दशरथ धमला | अम्मर बहादुर थापा |
| समिति सचिव | सभापति |